

आयोजना स्थल सम्म पुग्ने पहुँचमार्ग सफा गरिदै

# तल्लो खारे खोला जलविद्युत खबर

असोज २०७४, अंक ११

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनाको निर्माण कार्यमा संलग्न भएका सम्पूर्ण निर्माण कम्पनीहरुले वडा दशै पछि पुन: आयोजना स्थलमा निर्माण कार्य अगाडि बढाइसकेका छन् । हालसम्म हेडवर्कसको डिस्याण्डर बेशिनमा १५३६ घनमिटर स्टोन मेसनरी वाल लगाइसकिएको छ । साथै, पर्जिङ्ग क्यानल ढलान गर्ने कार्य गर्ने क्रममा १६५ घनमिटर ढलान भइसकेको छ । नर्थ हाडड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. द्वारा आयोजना स्थलमा पेनस्टक पाइप फेब्रिकेशनको कार्य भइरहेको छ । यसमा जम्मा १३८७ वटा स्टील पाताहरु मध्ये ६०१ वटा स्टीलपाता काट्ने काम सकिएको छ । उक्त ठेकेदार कम्पनीले हाल सम्म ४८१ वटा पाइप रोल गरिसकेको छ भने ४६९ वटा पाइप वेल्डिङ्ग भइसकेको छ । साथै, २१ वटा वेल्डिङ्ग गरिएको पेनस्टक पाइपलाई विच्छ्याइने स्थलसम्म पुर्‍याइसकिएको छ । कार्तिकको दोस्रो हप्तादेखि पेनस्टक पाइप विच्छ्याइने कार्य सुरु हुने आयोजनाले लक्ष्य लिएको छ ।



Blasting द्वारा चट्टानहरु फुटाउने तयारी गरिदै



ढलानको लागि रड राखिएको



वेल्डिङ्ग गरिदै

आयोजना स्थल वरिपरि पेनस्टक पाइप रहने केहि ठाँउहरुमा कडा चट्टान भेटिएकोले उक्त चट्टानहरु फुटाउनको लागि Blasting को कार्य भइरहेको छ । तीन ठाउँमा गर्नुपर्ने Blasting मध्ये एक ठाँउको Blasting सम्पन्न भएको छ । इलेक्ट्रोमेकानिकल ठेकेदार तर्फ जलविद्युत आयोजनाको लागि आवश्यक विद्युतिय उपकरणको डिजाइनिङ्ग, मैन्युफैक्चरिङ्ग, इंस्टलिङ्ग, टेस्टीङ्ग र कमिशनिङ्ग गर्नको लागि LC खोलिएको छ । साथै पाइपलाइन रहने ठाउँमा वर्षाको कारण पुरिएको ठाउँहरु पुन: सफा गर्ने कार्य भइरहेको छ । पाइपलाइनको सिभिल निर्माण कार्यको लागि मस्डीङ्ग देवि/राप्ती हाइड्रो जे.भि. ले आयोजना स्थलमा क्याम्प हाउस निर्माण कार्य गरिरहेको छ ।

यस जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत १३२ के.भी प्रसारण लाइन मार्फत राष्ट्रिय प्रसारणमा जोडिने छ । उक्त १३२ के. भी. प्रसारण लाइनलाई आवश्यक जग्गा खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।



पेनस्टक पाइप बिच्छ्याउने स्थल



डिस्याण्डर बेशिनमा ढलान गरिदैं



मस्डीङ्ग देवि/राप्ती हाइड्रो जे.भि द्वारा बनाइदै गरेको क्याम्प हाउस

सम्पादक: पार्वती पराजुली

युनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन न: ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल : info@universalpowercompany.com.np

वेबसाइट : www.universalpowercompany.com.np